# Telecom. Newsletter

"राष्ट्र निर्माण हाम्रो लक्ष्य"

नेपाल दूरसञ्चार कं. लि., केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


Volume 9, Issue 3, No. 51 Nepal Telecom (Nepal Doorsanchar Co. Ltd.) Bi-monthly, Paush-Magha, 2066 (Jan. 2010)


## नेपाल टेलिकमको ग्राहक आधार ४७ लाखभन्दा बढी

मुलुकको सबैभन्दा ठूलो दूरसञ्चार सेवा प्रदायक नेपाल टेलिकमको ग्राहक आधार ४७ लाख भन्दा पनि बढी पुगेको छ। कात्तिक मसान्तसम्ममा कम्पनीको कूल ग्राहक आधार ४७ लाख ५६ हजार ३३४ पुगेको छ। यस मध्ये जिएसएम मोबाइलको ग्राहक आधार ३४ लाख १६ हजार २३३, सिडिएमएका ग्राहक आधार ७ लाख ७२ हजार ५६६ र ल्याण्डलाइन ग्राहक आधार ५ लाख ६७ हजार ५३५ रहेका छन्। यस अघि असार मसान्तसम्म कम्पनीको कूल ग्राहक आधार करीब ४२ लाख रहेको थियो।

यस्तैगरी नेपाल टेलिकमका इन्टरनेट ग्राहक आधार कात्तिक मसान्तसम्ममा २ लाख २० हजार ४७८ पुगेको छ। यसअघि असार मसान्त सम्ममा यो संख्या ९५ हजार ४९३ रहेको थियो। नेपाल टेलिकमले कात्तिक मसान्त सम्ममा ३ हजार ४०३ गाविसमा आफ्ना सेवा उपलब्ध गराउन सफल भएको छ। असार मसान्तसम्म यो संख्या ३ हजार ३३२ मात्र रहेको थियो। कम्पनीले यस आर्थिक वर्षको अन्त्यसम्ममा मुलुकका सम्पूर्ण गाविसमा सेवा उपलब्ध गराउने लक्ष्यका साथ काम गरिरहेको छ।

## ब्रोडव्याण्डमा आधारित अर्थतन्त्र सुदृढ गर्न सहकार्यमा जोड



मा. मन्त्री पोखरेल बायाँबाट (तेस्रो), प्रबन्ध निर्देशक श्री सिंह बायाँबाट (दोस्रो) र अन्य प्रतिनिधिहरु

सूचना तथा सञ्चार मन्त्री शंकर पोखरेलले दूरसञ्चारका आधारभूत संरचनाको साझा प्रयोग, तथा दूरसञ्चार र सूचना प्रविधि सेवालाई एकीकृत रुपमा उपलब्ध गराई ब्रोडव्याण्ड सेवाबाट अर्थतन्त्र सुदृढ गराउन प्रयत्न गर्ने सम्बन्धमा आफ्ना धारणाहरु प्रस्तुत गर्नु भएको छ। साथै उहाँले सरकारले पाँच वर्ष भित्र सबै जिल्लाका सदरमुकामहरुमा अप्टिकल फाइवरको सञ्जाल विस्तार गरिसक्ने र चाँडै नै ३८ जिल्लामा ताररहित ब्रोडव्याण्ड परियोजना लागू गर्ने योजना रहेको जानकारी गराउनु भएको छ।

हालै इण्डोनेसियाको बालीमा आयोजित एसियाप्यासिफिक टेलिकम्यूनिटीको मन्त्रीस्तरिय बैठकमा नेपाल सरकारको तर्फबाट आफ्ना भनाई राख्दै उहाँले सो कुरा बताउनु भएको हो। उहाँले सो अवसरमा ब्रोडव्याण्डको मितव्ययी प्रयोग, क्षेत्रीय सहयोगको विस्तार र चुनौतिको सामना गर्ने कार्यमा मिलेर काम गर्न उक्त सम्मेलनका सहभागीहरुलाई आग्रह गर्नुभयो। सो अवसरमा मा.मन्त्री पोखरेलले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड मार्फत सरकारले निकट भविष्यमा फिक्स्ड लाइन र ताररहित टेलिफोनमा NGN प्रविधि सञ्चालन गर्ने भएको जानकारी गराउनु भएको थियो।

गत नोभेम्बर १२ र १३ मा सञ्चालन भएको उक्त सम्मेलनमा एसिया प्यासिफिक क्षेत्रमा पर्ने राष्ट्रहरुका दूरसञ्चार तथा सूचना प्रविधि सम्बन्धी २७ जना मन्त्रीहरु र करिब १ सय जना सरकारी तथा गैरसरकारी प्रतिनिधिहरुले भाग लिएका थिए।

मन्त्रीस्तरीय बैठकले दूरसञ्चार एवं सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा क्षेत्रीय सहकार्यलाई सुदृढ गर्ने र ब्रोडव्याण्ड सेवाको विस्तारबाट अर्थतन्त्र सुदृढ गर्न सहकार्य गर्ने निर्णय गरेको छ। साथै बैठकले बुँदागत रुपमा

a) Widen broadband connectivity

बाँकी २ पेजमा

## पोष्टपेड मोवाइलको न्यूनतम महसुल घट्यो

उपभोक्ताहरुलाई सकेसम्म सहुलियत दरमा दूरसञ्चार सेवा उपलब्ध गराउने नेपाल टेलिकमको नीति अनुसार कम्पनीले यही २०६६ पौष १ गतेदेखि लागू हुने गरी जीएसएम पोष्टपेड मोवाइलको न्यूनतम मासिक महसुल दरमा परिमार्जन गरेको छ।

यस अनुसार पौष एक गतेदेखि जीएसएम पोष्टपेड मोवाइलको न्यूनतम मासिक महसुल दर रु. ३०० (Voice, SMS GPRS, सहित) कायम गरिएको छ। यसमा रु. ३०० बराबरको Voice वा SMS वा GPRS वा सबै सेवा प्रयोग गर्न सकिने छ।

यस अघि जीएसएम पोष्टपेड मोवाइलको न्यूनतम मासिक महसुल दर (Voice,SMS GPRS, सहित) रु. ५०० र GPRS सेवा नभएकोमा रु. ४०० रहेको थियो।

यस्तैगरी कम्पनीले २०६६ पौष २ गतेदेखि नै लागू हुनेगरी फ्रेण्डस् एण्ड फ्यामिली स्किम (Friends and Family Scheme) अन्तर्गत कायम भएको तीन वटा टेलिफोन नम्बरहरुमा कल गर्दा प्रति मिनेट ९० पैसा मात्र लाग्ने गरी महसुल दर कायम गरेको छ। यस अनुसार २०६६ पौष २ गतेदेखि जीएसएम पोष्टपेड मोवाइल सेवाका ग्राहकले आफूले छानेका दुईवटा जिएसएम मोवाइल र एउटा PSTN फोनमा कल गर्दा प्रति मिनेट ९० पैसा मात्र भुक्तानी गर्नुपर्ने छ। साथै यो सेवामा यसअघि कायम रहेको राती १० बजे देखि बिहान ६ बजेसम्म कल गर्दा प्रति मिनेट ७५ पैसा मात्र लाग्ने व्यवस्था कायमै राखिएको छ।

माथि उल्लेखित महसुल दरमा कर समावेश गरिएको छैन।

जीएसएम पोष्टपेड मोवाइलको महसुल दरमा गरिएको यो परिमार्जनले उपभोक्ताहरुलाई केही हदसम्म राहत पुग्ने अपेक्षा गरिएको छ।

## टेलिकमलाई सार्कस्तरीय दुइवटा अवार्ड





नेपाल टेलिकम सार्क राष्ट्रस्तरीय Voice and Data पुरस्कारबाट सम्मानित भएको छ। सन् २००९ मा अन्य दूरसञ्चार सेवाप्रदायक मध्ये नेपाल टेलिकमले नेपालमा मोवाइल टेलिफोन सेवा र इन्टरनेट सेवा ग्राहकहरुलाई सबैभन्दा बढी उपलब्ध गराए वापत टेलिकमलाई Voice & Data SAARC Telecom Award 2009 प्रदान गरिएको हो।

गत कात्तिक १४ गते बंगलादेशको राजधानी ढाकामा आयोजित कार्यक्रममा बंगलादेशका सञ्चार तथा हुलाक मन्त्री रजीउद्दिन अहमद राजुले एक समारोहकाबीच नेपाल टेलिकमलाई ती दुईवटा पुरस्कार प्रदान गर्नुभयो। नेपाल टेलिकम वायरलेस टेलिफोन निर्देशनालयका निर्देशक भगतमान सिंह प्रधानले ती पुरस्कारहरु बंगलादेशको राजधानी ढाकामा आयोजित एक कार्यक्रमका बीच ग्रहण गर्नुभएको थियो।

भारतबाट प्रकाशित हुने सार्कस्तरीय सूचना तथा प्रविधि सम्बन्धी पत्रिका Voice & Data ले सो कार्यक्रमको आयोजना गरेको थियो।

## पोखरामा 3G मोवाइल सेवा वितरणको तयारी

नेपाल टेलिकम दूरसञ्चार कार्यालय पोखराले पोखरा नगर क्षेत्रभित्र निकट भविष्यमा नै 3G मोवाइल सेवा सञ्चालन गर्ने उद्देश्यले BTS जडान कार्यलाई तीव्रता दिएको छ। दूरसञ्चार कार्यालय पोखराका प्रमुख सूर्यनारायण मालाकारका अनुसार आगामी माघ महिनाभित्रमा 3G मोवाइलका १४ वटा BTS जडान गरी सेवा वितरण गर्ने उद्देश्यले तीव्रताकासाथ काम भइरहेको छ।

यस्तैगरी दूरसञ्चार कार्यालय पोखराले अन्नपूर्ण आधार शिविरमा टेलिफोन सेवा सञ्चालन गरी त्यहाँ आउने विश्वभरिका पर्यटकहरुलाई दूरसञ्चार सेवा उपलब्ध गराउने उद्देश्यले Ku band VSAT प्रविधि (NT Sat) का चारवटा टेलिफोन र एक लाइन इन्टरनेट सेवा सञ्चालनका लागि प्राविधिक कार्य प्रायः सम्पन्न गरिसकेको छ।

बाँकी २ पेजमा

## PSTN निर्देशनालयको स्थापना

फिक्सड टेलिफोन सेवालाई थप व्यवस्थित र अत्याधुनिक सेवायुक्त बनाई ग्राहकहरुलाई अझ प्रभावकारी सेवा दिने उद्देश्यले नेपाल टेलिकमले PSTN सेवा निर्देशनालयको स्थापना गरेको छ।

यस निर्देशनालयले PSTN प्रोजेक्ट प्लानिङ, एक्सेस नेटवर्क प्लानिङ, स्वीचिङ आयोजना कार्यान्वयन विभागसमेतलाई हेर्नेछ। यसअघि मोवाइल सेवा निर्देशनालय रहेको पुल्चोकस्थित भवनमा यस निर्देशनालयको कार्यालय रहेको छ।




# पर्यटकलाई एयरपोर्टमै सिम कार्ड

नेपाल टेलिकमले गत मंसिर २८ गते देखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आउने विदेशी पर्यटकहरुका लागि विमानस्थलको आगमन कक्षबाटै GSM प्रिपेड मोवाईल फोनको सिम कार्ड उपलब्ध गराउन शुरु गरेको छ।

विदेशी पाहुनाहरु नेपालमा रहँदा टेलिफोन सेवा सहज रुपमा उपलब्ध हुन सकोस् भन्ने उद्देश्यले यस किसिमको व्यवस्था गरिएको हो। नेपाल टेलिकमले होटल एसोसिएसन नेपालसँगको सहकार्यमा यस किसिमको व्यवस्था गरेको हो। अन्तर्राष्ट्रिय विमानस्थलमा विमानबाट आउने विदशी यात्रुहरुले आफ्नो पासपोर्टको फोटोकपीसहित काउण्टरमा फर्म भरी रु.११३५/- बुझाउनसाथ तत्कालै प्रिपेड मोवाईलको सिम उपलब्ध गराउने व्यवस्था गरिएको छ।

यस सेवाबाट विदेशी पर्यटकहरुले हाल टेलिफोन सेवाका लागि भोग्दै आएको अप्ठ्याराहरुको समाधान हुनसक्ने अपेक्षा गरिएको छ।

# उपभोक्ताको सुविधाका लागि PCL सेवा

नेपाल टेलिकमका तारवाला टेलिफोन प्रयोग गरिरहेका ग्राहकहरुलाई सस्तोमा टेलिफोन गर्न सुविधा पुगोस् भन्ने उद्देश्यले PSTN Credit Limit (PCL) सेवा सञ्चालनमा ल्याइएको हो। यो सेवामा ग्राहकले (Prepaid Calling Card) पिसिसी कार्डमार्फत आफ्नो टेलिफोन नम्बरमा प्रिपेड खाता खोल्न सकिन्छ। यसमा रहेको पैसा प्रयोग गरी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय फोन गर्न सकिन्छ।

यो सेवा लिनका लागि पहिले १६८० मा डायल गरी फोनमा निर्देशन दिए बमोजिम पिसिएल सेवामा दर्ता हुनुपर्दछ। रु. २ सय, ५ सय वा एक हजारको प्रिपेड कलिङ कार्ड प्रयोग गर्न शुरु गरेपछि यसको स्वतः नवीकरण हुन्छ। यो सेवा प्रयोग गरी नेपाल टेलिकमको नेटवर्कसँग जोडिएका विश्वका सबै राष्ट्रमा सस्तो मुल्यमा सम्पर्क स्थापित गर्न सकिन्छ।

पिसिएल सेवा मार्फत १६८० डायल गरी पिनकोड राखेपछि १४२४ थिची १२ वटा देशहरुमा कुरा गर्न सकिन्छ। यी १२ वटा मुलुकहरुमध्ये अमेरिका र क्यानाडामा प्रतिमिनेट रु. ४ मा, भारत, चीन, सिंगापुर, हङकङ र थाइलैण्डमा रु. ५, मलेसिया र दक्षिण कोरियमा रु. ६ र बंगलादेश, पाकिस्तान र ताइवानमा प्रतिमिनेट रु. ८ मा सम्पर्क हुन्छ। यसरी कुरा गर्दा १४२४ डायल गरेपछि कुन देशमा कुरा गर्न चाहेको हो सो देशको सिधै स्थानीय कोड डायल गरी टेलिफोन नम्बर थिच्नुपर्दछ।

यसैगरी १६८० मार्फत १४२५ र १४४५ डायल गरेर पनि विश्वभर सम्पर्क स्थापित गर्न सकिन्छ। यसरी कुरा गर्नका लागि १६८० पछि पिन नम्बर र यसपछि कुरा गर्न चाहेको देशको स्थानीय कोड नम्बर र टेलिफोन नम्बर डायल गर्नुपर्दछ। १४२५ वा १४४५ मार्फत कुरा गर्दा जापान, दक्षिण कोरिया र थाइलैण्डमा प्रतिमिनेट रु. १२, साउदी अरब, लण्डन, कतार र बहराइनमा रु. २० र माथि उल्लेखित बाहेकका राष्ट्रमा कुरा गर्दा प्रतिमिनेट बढीमा रु. २४ सम्म लाग्दछ।

# एडिएसएल सेवा विस्तार

नेपाल टेलिकमले यही पुस महिनाको मसान्त सम्ममा ADSL सेवा काठमाडौं उपत्यका बाहिरका ४० जिल्लाका प्रमुख शहरहरुमा वितरण गर्ने र आर्थिक वर्षको अन्त सम्ममा मुलकभर ८५ हजार लाईन वितरण गर्ने योजना तय गरी सेवा विस्तार गरिरहेको छ।

द्रूत गतिको इन्टरनेट र टेलिफोन सेवा सँगै चलाउन सकिने यो इन्टरनेट सेवा प्रयोग गर्दा छुट्टै टेलिफोन महसुल लाग्दैन। नेपाल टेलिकमद्वारा वितरित ADSL सेवा अपेक्षाकृत सस्तो भएकाले ग्रामीण क्षेत्रका विपन्न वर्गले पनि सुलभ रुपमा Internet सेवा प्रयोग गरी लाभ लिन सकिने छ।

| ADSL सेवाको महसुल | |
|---|---|
| ADSL Speed | Monthly Charge |
| 128 kbps | 900:00 |
| 256 kbps | 1500:00 |
| 512 kbps | 2700:00 |
| 1 mbps | 5000:00 |
| 2 mbps | 9300:00 |

# कल वाइपास गरी राजश्व छल्नेलाई कारवाही



बरामत सिम तथा उपकरण

नेपाल टेलिकमको सक्रियतामा महानगरीय प्रहरी परिसर जावलाखेलको टोलीले अवैध रुपमा भिओआइपी उपकरणको प्रयोग गरी अन्तर्राष्ट्रिय आगमन कल वाइपास गरी राजश्व छल्ने कार्यमा संलग्न ललितपुर गोदावरी गाविस वडा १ टौखेलका २३ वर्षीय उमेश कुँवरसमेतलाई पक्राउ गरेको छ।

सो कार्यमा वासुदेव कुँवरको निवास टौखेलबाट यही मंसीर ९ गते राति नेपाल टेलिकम र प्रहरीको सँयुक्त टोलीले छापा मारी अवैध धन्दा सञ्चालन गर्न प्रयोग गरिने सामानहरु सहित पक्राउ गरिएको हो। कुँवरले नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको अन्तर्राष्ट्रिय गेट वे वाइपास गरी अवैध तरिकाले भिओआइपी प्रविधि मार्फत अन्तर्राष्ट्रिय आगमन कल सञ्चालन गरी नेपाल सरकार तथा नेपाल दूरसञ्चार कम्पनीको राजश्वमा हानी नोक्सानी पुर्‍याउँदै आएका थिए। घटनास्थलबाट अनधिकृत रुपमा भिओआइपी उपकरण मार्फत अन्तर्राष्ट्रिय आगमन कल वाइपास गर्ने गैरकानूनी कार्यमा प्रयोग भइरहेका सामानहरु पनि महानगरीय प्रहरी प्रभाग बाँडेगाउँ, ललितपुरको कमाण्डमा रहेको प्रहरी टोलीले बरामद गरी महानगरीय प्रहरी परीसर ललितपुरमा बुझाएको छ।

बरामद गरिएका मुख्य सामानमा MATRIX VOIP Gateway तीन थान र अन्य सामानहरुमा नेपाल टेलिकमका रु. ५०० दरका रिचार्जकार्ड ५० थान, २०० दरका रिचार्जकार्ड ३४ थान, मेरो मोवाइलको रु. ३०० दरका रिचार्जकार्ड ३२ थान, ल्यापटप कम्प्युटर १ थान, मेरो मोवाइलका प्रयोग नभएका सिमकार्डहरु २१९ थान, नेपाल टेलिकमका प्रयोग नभएका सिमकार्ड ७ थान, मेरो मोवाइलका प्रयोग भएका सिमकार्ड सहितका खोलहरु ८८ थान, नेपाल टेलिकमका प्रयोग भएका सिमकार्ड सहितका खोलहरु १०५ थान, मेरो मोवाइलका प्रयोगमा रहेका विभिन्न नम्बरका सिमकार्डहरु २०१ थान, नेपाल टेलिकमका प्रयोगमा रहेका विभिन्न नम्बरका सिमकार्डहरु ५६ थान, स्क्यानर, क्यामेरा र हेडफोन एक/एक थान, VOIP कल सम्बन्धी विवरण भएका रजिष्टर ३ थान, एक्स्टेन्सन कर्ड २ थान, चार्जर ६ थान, NEW HRJ १२५ WIFI १ थान, स्टेब्लाइजर १ थान, ब्याकअप ब्याट्री १ थान, वायरलेस ब्रोडव्याण्ड इन्टरनेट एन्टेना २ थान, अप्टिकल केबल मोडेम १ थान, अप्टिकल ट्रान्सरिसिभर १ थान, इथर्नेट हब १६ पोर्ट १ थान र VOIP इन्टरफेस कार्ड २ थान र ४ वटा सिमकार्ड सहितको जिएसएम मोडुल कार्ड ४ थान, जिएसएम एन्टेना २० थान, अप्टिकल फाइबर केवल ड्रम १ थान र डेस्कटप कम्प्युटर १ थान छन्।

यसरी गैरकानूनी रुपमा VOIP उपकरणको प्रयोग गरी अन्तर्राष्ट्रिय आगमन कल सेवा सञ्चालन गर्नाले नेपाल टेलिकमलाई करोडौं रुपैयाँ हानीनोक्सानी पुग्न गएको छ भने सरकारी राजश्व पनि लाखौं रुपियाँ हानी नोक्सानी भएको छ। साथै यसरी अनधिकृत रुपमा VOIP उपकरण प्रयोग गरी अवैध सेवा सञ्चालन गर्नाले दूरसञ्चार सेवाको गुणस्तरमा पनि ह्रास आएको र उपभोक्ताहरु ठगिएकाले नेपाल टेलिकमले स्थानीय प्रशासनको सहयोगमा संकास्पद स्थानहरुमा छापा मारी कारवाही गर्ने प्रक्रिया तीब्र रुपमा जारी राखेको छ।

१ पेजको बाँकी

## पोखरामा 3G........

चार हजार मिटरको उचाईमा रहेको अन्नपूर्ण आधार शिविर पर्यटकीय दृष्टिले संसार भरि नै प्रख्यात छ। पोखराबाट तीन दिनको पैदल यात्रामा पुगिने यो आधार शिविर संसारमै शहरबाट सबैभन्दा नजिक रहेको आधार शिविर हो। यो आधार शिविरको चारैतिर हिमाल भएकाले पनि यहाँ पर्यटकहरुको भीड लागिरहन्छ।

दूरसञ्चार कार्यालय पोखराले पोखरा नगरक्षेत्रमा हालै द्रुत गतिको इन्टरनेट सेवा (ADSL) वितरण शुरु गरी पौषको पहिलो हप्तासम्ममा करिब १४० लाइन वितरण गरिसकेको छ। यहाँ ADSL सेवा निकै लोकप्रिय भइरहेको कार्यालय प्रमुख मालाकारले जानकारी दिनु भएको छ।

दूरसञ्चार कार्यालय पोखराले मुस्ताङमा नेपालमै पहिलो पटक एउटै माध्यमबाट तीनवटा (भ्वाइस, डाटा र भिडियो) सेवा सञ्चान हुने NGN सेवा पनि सञ्चालन गरिसकेको छ।

१ पेजको बाँकी

## ब्रोडव्याण्डमा आधारित........

b) Provide a secure, safe and sustainable environment through ICT initiatives

c) Facilitate effective convergence of services

d) Encourage development of content and applications र

e) Develop human resources capacity जस्ता रणनीतिहरु पारित गरेको छ। यी रणनीतिहरुको मस्यौदा तयार गर्नका लागि नेपाल लगायत अष्ट्रेलिया, कम्बोडिया, इन्डोनेसिया, चीन, जापान, दक्षिण कोरिया, लाओस, मंगोलिया, पाकिस्तान, पपुवान्यूगिनी, फिलिपिन्स, समाओ, सिंगापुर, भियतनाम, थाइलैण्ड, टोंगा, हङकङ र भारतका विज्ञहरु रहेको विशेषज्ञ समिति गठन गरिएको थियो। सो मस्यौदामा थप छलफल गर्न गत नोभेम्वर १० र ११ मा बालीमा एसिया प्यासिफिक टेलिकम्यूनिकेसन एण्ड आईसिटी डेभलपमेन्ट फोरम (ADF) को बैठक पनि भएको थियो। सो बैठकले तयार गरेको अन्तिम मस्यौदामा छलफल गरी एसिया प्यासिफिक क्षेत्रका मन्त्रीहरुको बैठकले बाली घोषणा पत्र जारी गरेको थियो।

यी कार्यक्रमहरुमा सूचना तथा सञ्चार मन्त्री शंकर पोखरेल, सूचना तथा सञ्चार मन्त्रालयका उपसचिव चन्द्रमान श्रेष्ठ, शा.अ.डा. कृष्ण बहादुर घिमिरेको सहभागिता रहेको थियो। साथै सो कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमरनाथ सिंह, व्यापार व्यवस्थापन विभागका प्रबन्धक सुरेन्द्र प्रसाद थिके, वरिष्ठ इन्जिनियर राजेश जोशी सहभागी हुनुहुन्थ्यो।

सो कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमरनाथ सिंहले Effort Towards a Broadband Eeconomy: A special focus on Nepal Telecom विषयमा कार्यपत्र पनि प्रस्तुत गर्नुभएको थियो।





# सस्तोमा विदेशमा कुरा गर्न इजी कल सेवा

**के तपाई प्रति मिनेट रु. ४ मा अमेरिकामा कुरा गर्न चाहनुहुन्छ ?** सस्तोमा विदेशमा बसेका आफन्तहरुसँग कुरा गर्नका लागि नेपाल टेलिकमले उपलब्ध गराएको प्रिपेड कलिङकार्ड (इजी कल) सेवाको प्रयोग गर्न सकिन्छ। नेपाल टेलिकमले उपभोक्ताहरुलाई विभिन्न सेवा तथा सुविधाहरु उपलब्ध गराउने क्रममा कुनैपनि सामान्य टेलिफोन तथा मोवाइलबाट विश्वका कुनै पनि ठाउँमा कुनै पनि समयमा फोन सम्पर्क गर्नसकिने प्रिपेड कलिङकार्ड सेवा प्रदान गरेको छ। तारवाला टेलिफोन, पेफोन तथा मोवाइलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कल गर्ने सुविधा नलिईकन पनि स्वदेश तथा विदेशमा अपेक्षाकृत सहुलियत दरमा प्रिपेड कलिङकार्डबाट यो सुविधा प्राप्त गर्न सकिन्छ। यसका लागि टेलिकमबाट उपलब्ध गराइएका प्रिपेड कलिङ कार्ड खरिद गर्नुपर्दछ। यस प्रयोजनका लागि हाल बजारमा रु. २००, रु. ५०० र रु. १००० दरका प्रिपेड कलिङ कार्ड (पिसिसी) हरु उपलब्ध छन्।

## सेवा प्रयोग गर्ने तरिका

कार्डको प्रयोग गरी कुनैपनि टेलिफोन तथा मोवाइलबाट स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फोन गर्नका लागि सर्वप्रथम १६५० डायल गर्ने र नेपाली वा अंग्रेजीमध्ये एक भाषा रोज्ने। भाषा छान्दा निर्देशन नेपालीमा सुन्न अंक २ र अंग्रेजीमा सुन्न अंक १ थिच्नुपर्दछ। त्यसपछि आफूले खरिद गरेको कार्डमा भएको ९ अकंको कार्ड नम्बर र पाउण्ड चिन्ह (#) थिच्नुपर्दछ। यसपछि कार्डमा भएको कालो धर्सो कोरेर निकालिएको ६ अकंको पिन नम्बर र पाउण्ड चिन्ह (#) थिच्नुपर्दछ। यस पश्चात प्रयोग गर्न सकिने रकमको परिमाण सुनिनेछ। यसपछि कुरा गर्न खोजेको टेलिफोन डायल गरी सम्पर्क गर्न सकिन्छ। स्थानीय नम्बरमा कुरा गर्ने हो भने चाहेको नम्बर डायल गर्ने र ट्रंकल गर्ने हो भने कोड नम्बर सहित डायल गरी कुरा गर्न सकिन्छ।

अन्तर्राष्ट्रिय फोन गर्नका लागि ०० थिचेर सोझै नम्बर डायल गरी कुरा गर्न पनि सकिन्छ। यसरी कुरा गर्दा साधारण टेलिफोनबाट कल गर्दा लाग्ने महसुल सरह नै पैसा लाग्दछ। नेपाल टेलिकमले पिसिसी कार्ड मार्फत यो भन्दा सस्तो मूल्यमा १४२४ थिची कुरा गर्न सकिने व्यवस्था पनि मिलाएको छ। यसका लागि प्रयोग गर्न सकिने रकमको परिणाम सुनिसकेपछि ०० को सट्टा १४२४ डायल गरी देशको कोड नम्बर र क्षेत्रीय कोड पश्चात टेलिफोन नम्बर डायल गर्नुपर्दछ। अहिले १४२४ डायल गरी अमेरिकामा र क्यानाडामा रु. ४ मा, भारत, चीन, सिङ्गापुर, हङ्गकङ्ग र थाइलैण्डमा रु. ५ दक्षिण कोरिया र मलेसियामा रु. ६ तथा बंगलादेश, पाकिस्तान र ताइवानमा प्रति मिनेट रु. ८ मा कुरा गर्न सकिन्छ।

# उपत्यका बाहिर तालिम कार्यक्रमको सकारात्मक प्रभाव

नेपाल टेलिकम दूरसञ्चार तालिम केन्द्रबाट विगतमा कर्मचारीहरुलाई काठमाण्डौंमै तालिम दिईदै आएकोमा केही समयदेखि उपत्यका बाहिरका सम्बन्धित कार्यालयहरुमा प्रशिक्षकहरु गई तालिम सञ्चालन गर्न शुरु गरिएकाले यसबाट खर्च बचत हुनका साथै तालिमको प्रभावकारितामा पनि वृद्धि भएको पाइएको छ।

देशभरका कर्मचारीहरुलाई कार्यतालिका अनुसार काठमाडौंमै बोलाएर यसअघि तालिम प्रदान गरिँदै आएकोमा हाल GSM, CDMA, PSTN, ADSL, Optical, Computer आदि सेवाहरुको सम्बन्धमा सम्बन्धित कार्यालयमै प्रशिक्षकहरु गई तालिम दिन थालिएको छ। सेवामूलक तालिम कार्यक्रम (IN Service) अन्तर्गत हालसम्म पोखरा, नेपालगञ्ज, सुर्खेत, तुल्सीपुर, बागलुङ्गलगायतका कार्यालयहरुमा विभिन्न अवधिका तालिम सञ्चालन भइसकेको छ। यसैगरी उपत्यका बाहिर ADSL सञ्चालन भएका कार्यालयहरुमा ADSL र IBS तालिम सञ्चालन गरिएको छ। यस अन्तर्गत भैरहवा लगायतका स्थानहरुमा Optical तालिम सञ्चालन गरिएको थियो। केन्द्रले 'Fiber to .the home Project' लाई लक्ष्य बनाई जनशक्ति तयार गर्ने योजनासमेत बनाएको छ।

कार्य क्षेत्रमा गई सञ्चालन गरिएको तालिमबाट कम्पनीको तालिम खर्चमा बचत हुनुका साथै कार्यालयमा काम गर्दा भोग्नु पर्ने समस्यालाई तालिम मार्फत तत्काल समाधान गर्न सहज हुने भएकाले तालिमको प्रभावकारितामा पनि वृद्धि भएको पाइएको छ।

तालिम केन्द्रबाट चालु आर्थिक वर्षमा विभिन्न विषयहरुमा ४ हजार १ जनालाई तालिम दिने लक्ष्य लिइएकोमा गत ४ महिनामा ९६७ जनाले तालिम प्राप्त गरिसकेका छन्। पूर्वनिर्धारित लक्ष्य बमोजिम यस वर्ष सूचना प्रविधि सम्बन्धी तालिम ६ सय जनालाई, व्यवस्थापन सम्बन्धी ५ सय ३० जनालाई, पावर सम्बन्धी ७ सय ५० जनालाई, एक्सेस नेटवर्क सम्बन्धी ८ सय ५४ जनालाई, ट्रान्समिसन सम्बन्धी ७ सय ५५ जनालाई र स्वीचिङ सम्बन्धी ५ सय १२ जना कर्मचारीलाई प्रशिक्षित गर्ने लक्ष्य रहेको तालिम केन्द्रले जानकारी गराएको छ।

# सेवाविहीन गाविसहरूमा सेवा विस्तार गर्ने पहल

नेपाल टेलिकमले यस आर्थिक वर्षमा कम्पनीको वार्षिक सेवा विस्तार कार्यक्रममा नपरेका तथा अन्य सेवा प्रदायकहरुबाट समेत सेवा नपुगेका मुलुकका १९९ गाविसहरुमा यसै आर्थिक वर्ष भित्रै सेवा पुऱ्याउन स्याटेलाईट सेवा निर्देशनालय अन्तर्गत एक विशेष कार्यदल (Task Force) गठन गरी सेवा विस्तार कार्यक्रम अघि बढाएको छ। साथै धरौटी रकम पनि घटाइएको छ।

यस अघि V-SAT बाट PCO सञ्चालन गर्नेहरुका लागि धरौटी रकम रु.१० हजार रहेकोमा यसलाई परिमार्जन गरी रु.३ हजार कायम गरिएको छ। साथै ती १९९ गाविसहरुमा PCO सञ्चालनका लागि स्थानीय संस्थाहरुको प्राथमिकता पनि निर्धारण गरिएको छ।

सो अनुसार गाविसको कार्यालय, सरकारी विद्यालय ,सरकारी वा सामुदायिक संघसस्था, हुलाक टेलिसेन्टर, सहकारी, क्लब वा उपभोक्ता समितिलाई PCO सञ्चालनका दिने गरी प्राथमिकताक्रम निर्धारण गरिएको छ। उल्लिखित निकायहरु PCO सञ्चालनका लागि इच्छुक नभएमा निजी व्यक्ति वा निकायलाई गाविसको सिफारिशमा PCO सञ्चालन गर्न दिने र सो अनुसार नभएमा निम्न लिखित महसुल दरमा नेपाल टेलिकमले तोकेको व्यक्ति वा संस्थालाई दिने व्यवस्था गरिएको छ।

गाविसको सिफारिसमा कुनै संघ, संस्था वा व्यक्ति विशेषबाट V-SAT जडान गर्न चाहेमा निम्नानुसार विद्यमान व्यवस्था नै कायम गर्ने गरी व्यवस्था भएको छ।

| विवरण | धरौटी प्रति लाईन | जडान प्रति लाईन | न्यूनतम मासिक महसुल |
|---|---|---|---|
| गाविसहरुमा सञ्चालित V-SAT PCO बाट अन्य ग्राहकहरुलाई जडान गर्दा | १०,०००।- | १०,०००।- | १,०००।- (रु.१,०००।- सम्मका अन्तरदेशीय कल छुट) |
| माथि उल्लेखित बाहेक अन्यलाई जडान गर्दा (२ लाईन लिनु पर्ने) | १०,०००।- | १०,०००।- | ३,०००।- (रु.३०००।- सम्मको अन्तरदेशीय तथा अन्तर्राष्ट्रिय कल छुट) |

सबै PCO सञ्चालकहरुलाई दिईने Trade Discount मा समानता कायम गर्न बिलमा २० प्रतिशत Trade Discount दिने र यो नयाँ व्यवस्था लागू भएपछि जडान हुने PCO को लागि समयमा बिल नतिरी जरिवाना लाग्ने ग्राहकहरुको हकमा Trade Discount उपलब्ध नगराउने नीति लिइएको छ।

# कर्मचारी संघको सातौं महाधिवेशन सम्पन्न

नेपाल दूरसञ्चार कर्मचारी संघको सातौं महाधिवेशन 'इमान्दार र लगनशील कर्मचारीको स्वच्छ संगठन: कम्पनीको अग्रगतिका लागि कार्यशैलीमा परिवर्तन' भन्ने मूल नाराका साथ यही २०६६ मंसिर २६ देखि २८ गतेसम्म भैरहवामा सम्पन्न भएको छ। माननीय सूचना तथा सञ्चार मन्त्री शंकर पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त महाधिवेशनले अशोक कुमार कर्णको अध्यक्षतामा ३१ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ।

अधिवेशन उद्घाटन कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालयका सचिव तथा नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष सुशील घिमिरे, टेलिकमका नायब प्रबन्ध निर्देशक रामेश्वर कर्माचार्यलगायत स्वदेश तथा विदेशका विभिन्न संघ-संस्थाका प्रतिनिधिहरुले समेत शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

अधिवेशनबाट श्रमिकहरुको हक हितलाई सुनिश्चित गर्न संवैधानिक अङ्गको रुपमा राष्ट्रिय मजदुर आयोगको गठन, आधिकारिक ट्रेडयुनियन निर्माण गर्न शीघ्र CBA निर्वाचनको घोषणा, कर्मचारीहरुको पारिश्रमिकबाट कट्टी गरिएको १ प्रतिशत सामाजिक सुरक्षा करलाई सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको हितमा परिचालन गर्नुपर्ने, उपभोक्तालाई गुणस्तरयुक्त सेवा प्रदान गर्न मर्मतसम्भारको प्रभावकारितामा वृद्धि गर्न स्पष्ट नीति अघि बढाइनुपर्ने, तराई क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई जिउज्यान असुरक्षित पार्ने, जोर जबर्जस्ती, चन्दा माग गर्ने, अपहरण गरी फिरौती माग गर्ने जस्ता कार्य शीघ्र बन्द गरी निर्भयका साथ काम गर्ने वातावरण सिर्जना गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्ने लगायतका १६ बुंदे प्रस्ताव पनि पारित गरिएको छ।

अधिवेशन पश्चात केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा संघका नवनिर्वाचित अध्यक्ष कर्णले **सेवाग्राहीहरुलाई अप्ठ्यारो पर्नेगरी र टेलिकमका सेवा अवरुद्ध हुनेगरी संघले कुनैपनि कार्यक्रम नगर्ने** प्रतिबद्धता व्यक्त गर्नुभएको छ। नवनिर्वाचित समितिमा तीन उपाध्यक्ष, एक महासचिव, तीन सचिव तथा कोषाध्यक्ष र सहकोषाध्यक्ष सहितका पदाधिकारीहरु रहेका छन्।



## समवेदना

यस कम्पनीको काठमाण्डौं क्षेत्रीय निर्देशनालयमा कार्यरत सु.भा. शरण बहादुर श्रेष्ठको मिति २०६६।०८।२४ गते असामयिक निधन हुन गएकोले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै यस दुखद घडीमा शोक सन्तप्त परिवारमा धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भनी भावपूर्ण हार्दिक समवेदना प्रकट गर्दछौं।

**नेपाल टेलिकम परिवार**


हाम्रा सेवाहरु



SKY DATA



E-mail / Internet



V-SAT



ADSL

# सुदूरपश्चिमाञ्चलका अधिकांश गाविसमा टेलिफोन सेवा

नेपाल टेलिकम सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयले यस निर्देशनालय अन्तर्गतका ९ वटा जिल्ला मध्ये ५ वटा जिल्लाका सम्पूर्ण गाविसहरुमा दूरसञ्चार सेवा पुऱ्याउन सफल भएको छ। यस क्षेत्रका जम्मा ३८३ गाविस मध्ये ३३३ वटा गाविसमा दूरसञ्चार सेवा पुऱ्याइसकेको छ। बाँकी रहेका ५० वटा गाविसमा यस आर्थिक वर्षको अन्त्य सम्ममा Ku Band,VSAT लगायत अन्य प्रविधि मार्फत सेवा पुऱ्याउने लक्ष्य राखिएको छ। यस क्षेत्रका धेरै गाविसहरु अति विकट र दूर्गम भएकाले सेवा पुऱ्याउन अति कठिन भए पनि कम्पनीले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै दूर्गम क्षेत्रलाई पनि उत्तिकै प्राथमिकतामा राखी विभिन्न प्रविधि मार्फत दूरसञ्चार सेवा विस्तार गर्ने कार्यलाई जारी राखेको छ।

सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयलका निर्देशक विष्णु ढकालले दिनु भएको जानकारी अनुसार हाल नेपाल टेलिकम सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गत करिब २ लाख ४१ हजार ग्राहक रहेका छन्। यस आर्थिक वर्षको अन्त्य सम्ममा ग्राहक संख्या ३ लाख पुऱ्याउने लक्ष्यका साथ काम भइरहेको छ। यस क्षेत्रमा जिएसएम मोवाइल सेवाका १ लाख २८ हजार ८८, सिडिएमएका ५७ हजार, १० पिएसटिएनका १८ हजार ८५६, मार्टसका १२५, भिस्याटका ६२ र भिएचएफका १५ जना ग्राहक रहेका छन्। क्षेत्रीय निर्देशक ढकालका अनुसार यस क्षेत्रमा निकट भविष्यमा नै द्रूत गतिको इन्टरनेट सेवा "ADSL" जडान तथा सञ्चालन गर्ने तयारी भइरहेको छ। उहाँका अनुसार प्रथम चरणमा धनगढी, महेन्द्रनगर, टीकापुर, लम्की, अत्तरिया, डँडेलधुरा र दिपायलमा सेवा सञ्चालन गरिने र अन्य क्षेत्रमा क्रमशः सेवा विस्तार गर्दै लैजाने योजना रहेको छ। थप विटिएसहरु जडान गर्ने कार्य सम्पन्न भएपछि सेवाको विस्तारमा व्यापकता आउनुको साथै सेवाको गुणस्तर पनि अझ वृद्धि हुने छ।

सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयको दूरसञ्चार नेटवर्क विस्तार गर्ने लक्ष्य अनुसार यस अर्थिक वर्षको अन्त्यसम्ममा बझाङ, बाजुरा, डँडेलधुरा, जोशीपुर, र दोधारा चाँदनीमा कार्यसम्पन्न गर्नेगरी काम भइरहेको छ र अछाममा हाले कार्य सम्पन्न भइसकेको छ। यस आर्थिक वर्षको अन्त्यसम्ममा जिएसएमका ५० वटा र सिडिएमएका २५ वटा विटिएस जडान गर्ने कार्यक्रम रहेको छ।

# NGN उपकरण जडानको लागि प्रारम्भिक साइट सर्भे सम्पन्न



दू.सं.का. पेखरामा NGN को साइट सर्भे सम्बन्धी छलफल गरिदै

सूचना प्रविधिको क्षेत्रमा विश्वमा भइरहेको द्रुत गतिको विकासलाई आत्मासात गर्दै नेपाल टेलिकमले आधारभूत टेलिफोनसेवा NGN प्रविधिमा आधारित उपकरण ल्याउने तयारी गरिसकेको छ। ३ वर्षको सो योजना सम्पन्न गर्ने क्रममा कम्पनीले टेण्डर आह्वान पनि गरिसकेको छ।

यो प्रविधिबाट नेपाल टेलिकमले प्रारम्भिक रुपमा Voice Service, Data Service(High Speed Internet), SIP Telephony, Prepaid Services आदि सञ्चालन गर्ने साथै Video Services (जस्तै IPTV, VOD) हरुको लागि Network तयार पार्ने लक्ष्य राखेको छ। साथै यस प्रविधिबाट ग्राहकहरुको माग बमोजिम छिटो छरितो रुपमा विभिन्न आधुनिक सेवा र सुविधाहरु प्रभावकारी रुपमा प्रदान गरी बढी Revenue Stream Generate गर्न सकिने छ।

सो योजना अनुरुप विभिन्न उपकरणहरुको जडान तथा सञ्चालन निर्धारित समयमा लक्ष्य अनुसार सम्पन्न गरी ग्राहकहरुलाई सेवा दिने उद्देश्य अनुरुप स्विचिङ्ग योजना विभागले सम्पूर्ण क्षेत्रहरु ( काठमाण्डौ, विराटनगर, वीरगञ्ज, नेपालगञ्ज, धनगढी) मा जडान हुने Soft Switch, Trunk/Signaling Gateway, SIP/Application Server, OM Terminals जस्ता Core उपकरणहरुको जडानको लागि विभिन्न पक्षको सहभागिता रहेको ६ Converge टोलीहरु खटाई प्रारम्भिक साइट सर्भे कार्य सफलताका साथ सम्पन्न भइसकेको छ। सोही अनुरुप हाललाई Core Sites को लागि आवश्यक Infrastructure Reserve गरिएको र NGN को सम्झौता भए लगत्तै काम शुरु गर्ने तयारी गरिएको छ।

# कैलालीका सबै गाविसमा सिडिएमए सेवाको पहुँच

सुदूरपश्चिमाञ्चलको कैलाली जिल्लाका ४२ गाविस मध्ये अधिकांशमा सिडिएमए सेवा पुगेको छ भने जिएसएम मोवाइल सेवाको पहुँच ३० वटा गाविसभन्दा बढीमा पुगेको छ। हाल सो जिल्लामा पिएसटिएन ११ हजार, जिएसएम मोवाइल ६६ हजार २ सय ४१, सिडिएमए १७ हजार ७ सय ८५ लाइन वितरण भइसकेको छ। यस आर्थिक वर्षको अन्त्यसम्ममा थप करिब ५० हजार लाइन वितरण गर्ने योजना रहेको छ। सो जिल्लाको टीकापुर नगरपालिका, धनगढी नगरपालिका, गेटा गाविस, मालाखेती गाविस र बलिया गाविसमा पिएसटिएन टेलिफोन सेवा पुऱ्याइसकिएको छ भने यस आर्थिक वर्षको अन्त्यसम्ममा राजमार्ग छेउका लगायत अन्य गाविसहरुमा पनि सेवा विस्तार गर्ने योजना रहेको छ। कैलालीका अरु ठाउँको तुलनामा टिकापुर नगरपालिका क्षेत्रमा जिएसएम मोवाइल सेवाको माग बढी भएको र गाविस क्षेत्रमा सिडिएमए सेवा बढी लोकप्रिय भएको दूरसञ्चार कार्यालय टीकापरका प्रमुख टेकनाथ अधिकारी बताउनुहुन्छ। साथै उहाँका अनुसार नेपाल टेलिकमको जिएसएम तथा सिडिएमए मोवाइलसेवाको गुणस्तरप्रति उपभोक्ताहरु सन्तुष्ट रहेकाले हाल सो कार्यालयबाट दैनिक ८० को संख्यामा जिएसएम मोवाइलको सिम वितरण भइरहेको छ।

# पूर्वाधारको साझा प्रयोगले सेवा सस्तो हुने




छलफलका क्रममा सहभागीहरू

सूचना तथा सञ्चार मन्त्री शंकर पोखरेलले दूरसञ्चार सेवाका पूर्वाधारहरुको विस्तारका लागि हरेक दूरसञ्चार सेवा प्रदायकले लगानी गर्दा ठूलो धनराशी खर्च हुने र सेवा महंगो हुने भएकाले यस्ता पूर्वाधारहरुको सामुहिक उपयोग गरेर उपभोक्तालाई गुणस्तरीय र सहुलियतपूर्ण सेवा दिनुपर्ने बताउनु भएको छ। उहाँले यस्ता भौतिक पूर्वाधारको सामुहिक उपयोगका लागि कानूनी अड्चनहरु भएमा त्यस्ता बाधा अड्चन फुकाउन मन्त्रालय तयार रहेको बताउँदै सेवाप्रदायक बीच अस्वस्थ प्रतिस्पर्धा घटाएर संवादबाट सम्बन्ध विस्तार गरी स्वस्थ प्रतिस्पर्धा गर्दा नै सबैको हित हुने बताउनु भयो।

यूएनआई नेपाल र यूएनआई एसिया प्यासिफिकको संयुक्त आयोजनामा काठमाडौमा मंसिर २० गते आयोजित दूरसञ्चार क्षेत्रमा हरेकको जितका लागि सामाजिक संवाद विषयको कार्यक्रममा उहाँले उक्त कुरा बताउनु भएको हो। सो कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालयका सचिव सुशील घिमिरेले नेपाल टेलिकमका पूर्वाधारहरु धेरै भएकाले यसको साझा प्रयोग गर्न सके सेवाप्रदायक कम्पनी र उपभोक्तलाई पनि लाभ पुग्ने बताउनु भयो।

कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमरनाथ सिंहले ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको घनत्व वृद्धि गरी ग्रामीण क्षेत्र र शहरी क्षेत्र बीचको खाडल कम गर्ने कार्यमा नेपाल टेलिकम लागेको बताउँदै दूरसञ्चार प्राधिकरण, दूरसञ्चार सेवाप्रदायकहरु र उपभोक्ताहरु बीच सुसम्बन्ध बढ्दै गएमा सबै पक्षलाई फाइदा पुग्ने र त्यसका लागि आपसी सम्वाद हुनु सुखद पक्ष भएको बताउनु भयो। सो कार्यक्रममा नेपाल टेलिकमका नायब प्रबन्ध निर्देशक रामेश्वर कर्माचार्य (अर्थ) ले हरेक सेवा प्रदायकले आफ्नो लक्ष्य निर्धारण गरेर अघि बढेमा सबैको जीत हुने परिस्थिति आउने तर प्रतिस्पर्धामा अराजकता आएमा कसैको पनि जित नहुने बताउनु भयो।

नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक आनन्द खनालले उपभोक्ताहरुलाई सस्तो र गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराउन जोड दिनुपर्ने र सेवा प्रदायकहरुको पूर्वाधारहरुको साझा प्रयोगप्रतिको तत्परता सकरात्मक रहेको बताउनु भयो।

सो कार्यक्रममा नेपाल टेलिकम व्यापार व्यवस्थापन विभागका प्रबन्धक सुरेन्द्र प्रसाद थिकेले Development of ICT in Nepal Creating Win-Win Environment विषयमा कार्यपत्र प्रस्तुत गर्दै जुन क्षेत्रमा दूरसञ्चार सेवाको विस्तार भएको छ त्यस क्षेत्रमा गार्हस्थ उत्पादन (GDP) वृद्धि भएको पाइएको तथ्य प्रस्तुत गर्दै GDP कम भएको नेपाल जस्तो मुलुकमा ग्रामीण क्षेत्रमा व्यापक रुपमा दूरसञ्चार सेवा विस्तार गर्न सबै सेवा प्रदायक ग्रामीण क्षेत्रमा जानुपर्ने बताउनु भयो। उहाँले ब्रोडव्याण्ड सेवा अबको युगको अनिवार्य सेवा भएको बताउदै यसको विस्तारका लागि पूर्वाधारको साझा प्रयोग आवश्यक रहेको बताउनु भयो। यूएनआई नेपालका महासचिव शंकर लामिछानेको सभापतित्वमा भएको सो कार्यक्रममा सो संस्थाका सदस्य गोपाल ढकाल, यूएनआई एप्रो नेपाल डकका निर्देशक राजेन्द्र आचार्यले दूरसञ्चार सेवासँग सम्बद्ध कर्मचारीहरु, कम्पनी, उपभोक्ता, सरकारलगायत सबै सरोकारवालाहरुको हितका लागि सामाजिक सम्वादको आवश्यकता बारे प्रकाश पार्नु भएको थियो। सो कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालय, दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, स्पाइस नेपाल, स्मार्ट टेलिकम, उपभोक्ता मञ्चका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

यस किसिमको सामाजिक सम्वाद कार्यक्रमले दूरसञ्चार सेवाका सबै सरोकारवालाहरुलाई लाभ पुग्ने र सबैको जितको स्थिति सिर्जना हुने भएकाले यस्ता कार्यक्रमलाई निरन्तरता दिन सूचना तथा सञ्चार मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणले भविष्यमा पहल गर्ने कार्यक्रममा जानकारी गराइएको थियो।

यस न्यूज लेटरलाई थप प्रभावकारी बनाउन यहाँको सुझाव तथा प्रतिक्रियाको अपेक्षा गरिएको छ।


सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, व्या.व्य.वि., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
E-mail: ntc.news@ntc.net.np, फोन: ४२१०३०२/४२१०३७८, फ्याक्स: ४२१०३७९, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ।



Published by: BMD, Information & Publication Section, Co-ordinator S.P. Thike, Editor: Laxman Adhikari, Editorial Team: Nilakantha Tiwari, Bholanath Dahal, Umesh Dahal